# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ३) छत्रकोट गाउँपालिका, मितिः २०७६/०९/०९ (संख्याः १**


## भाग–२

### छत्रकोट गाउँपालिका, गुल्मी

### संवत् २०७६ सालको कार्यविधि नं. १

### कार्यविधिको नाम : छत्रकोट गाउँपालिकाको गर्भवती/सुत्केरी यातायात खर्च कार्यविधि, २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०९।०६

**प्रस्तावनाः**

छत्रकोट गाउँपालिकालाई पूर्ण संस्थागत गाउँपालिका घोषणा गर्न साथै घरमै परंपरागत रुपमा दक्ष प्रसुति कर्मीको अनुपस्थितिमा सुत्केरीर गराउँदा, आमा बच्चाको स्वास्थ्यमा गंभिर स्वास्थ्य समस्या आउन सक्ने र कहिले काहीं आमा बच्चाको ज्यानै जान सक्ने खतरा भएको हुनाले,चौबिस घण्टे प्रसुति केन्द्रहरुमा सुरक्षित सुत्केरी गराउनाको लागी गर्भवति महिलालाई ल्याउँदा,

आमा बच्चाको ज्यानको सुरक्षा हुने भएको हुनाले,बर्थिङ्ग सेन्टर संम आउँदा र घरमा जाँदा को यातायात भाडाको निशुल्क ब्यबबस्था गर्दा घरमा सुत्केरी हुने आमाको संख्या सुन्य हुन गई पुर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्न सकिने भएको हुनाले , यो कार्यक्रम सुरुवात गर्न बान्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ र छत्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन-२०७४ ले दिएको अधिकार प्रयोग गरी छत्रकोट गाउँपालिका गाउँ कार्यपलिकाले यो कार्यविधि जारि गरेको छ।

## परिछेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कायबिधीको नाम **गर्भवति /सुत्केरी यातायात खर्च कार्यविधी, २०७६** रहेको छ।

(२) यो कार्यविधि छत्रकोट गाउँकार्यपालिकाबाट पारित भएको देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) "स्थानीय" तह भन्नाले गाउँपालिका सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले छत्रकोट गाउँपालिका सम्झनु पर्दछ।

(घ) "सुरक्षित प्रसुति केन्द्र" भन्नाले दक्ष प्रसुतिकर्मी ब्दारा चौबिसै घण्टा प्रसुति सेवा उपलब्ध हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ।

## परिच्छेद-२

## उद्देश्य

**३. यस कार्यबिधिको मुख्य उदेस्यहरु देहाय बमोजिम रहेका छन्।**

क) गर्भवति महिलाहरुलाई सुरक्षित प्रसुति सेवा उपलब्ध गराउने।

ख) आमा र बच्चाको ज्यानको सुरक्षा गर्ने।

ग) बाल मृतु दर,मातृ मृतुदर घटाउने।

घ) छत्रकोट गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्ने।

## परिच्छेद-३

## जिम्मेवारी

**४. जिम्मेवारी**

क) यस कार्यक्रमको जिम्मेवारी छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाका स्वास्थ्य संयोजकलाई तोकिएको छ।

**५. जिम्मेवार पदाधिकारीको काम कर्तब्य र अधिकार :**

क) गर्भवति आमाहरुलाई चौबिस घण्टे सुरक्षित प्रसुति केन्द्र सम्म आँउदा र जाँदाको यातायात खर्च निशुल्क गराउनको लागी पहिलो प्राथमिकता श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको एम्बुलेन्स सेवालाई दिनइने छ। यदि कुनै कारणबस सो सेवा उपलब्ध हुन नसकेको अबस्थामा अन्य निजि सवारीका साधन प्रयोग गर्न सकिने ब्यबस्था गर्नु पर्ने छ। तर आधिकारीक स्वास्थ्य कर्मीले तुरुन्तै लैजानु पर्ने भनि सिफारीस गरेको अबस्थामा उपलब्ध जुनसुकै छिटो साधन (मोटर साईकल बाहेक) को प्रयोग गर्न सकिने गरी ब्यबस्था मिलाउनु पर्ने छ।

ख) बिषेश परिस्थितिमा बाहेक अन्य अबस्थामा गर्भवति आमाको सबै भन्दा नजिकको प्रसुति केन्द्रमा जान र आउनको लागी

रु.२०००। दुईहजार र प्रेषण भई माथिल्लो संस्थामा गएमा थप रु.१०००। एक हजार भुक्तानि दिने ब्यबस्था मिलाउने छ।

ख) यो सुविधा छत्रकोट गाउँपालिकामा स्थाई ठेगाना गर्नेको हकमा मात्र लागु हुने छ तर अन्यत्र स्ई ठेगाना भई छत्रकोट गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुबाट प्रोटोकल अनुसार गर्भवति सेवा लिएका र प्रसुति सेवा लिन आएका आमाहरुलाई समेत भुक्तानि दिने ब्यबस्था मिलाउनु पर्ने छ।

ग) झुटो प्रसब पिडा भई प्रसुति केन्द्रमा आएमा सो ब्यहोरा चिकित्सक वा स्वास्थ्य कर्मीबाट पुष्टि भएमा यो सुबिधा उपलब्ध नहुने ब्यबस्था मिलाउनु पर्ने छ।

घ) चौबिस घण्टे सुरक्षित प्रसुति केन्द्र संचालन भएका स्वास्थ्य संस्थाहरुलाई चौमासिक रुपमा निशुल्क यातायातको भाडा भुक्तानिको लागी पेस्कीको रुपमा रकम उपलब्ध गराउनु पर्ने छ।

ङ) कार्यक्रमको संचालन र अनुगमन गर्नुपर्नेछ।

च) रकम उपलब्ध गराउँदा अनुसूची १ बमोजिमको भरपाई सो संग सुत्केरी महिलाको गर्भबति र सुत्केरी सेवा लिएको कार्डको फोटो कपी,संबन्धित संस्थाको भुक्तानिको सिफारीस, संलग्न राखि भुक्तानिको ब्यबस्था मिलाउनु पर्ने छ। प्रेषण भई आएको र गएको हकमा सो पुष्टी हुने कागज संलग्न हुनु पर्ने छ।

छ) उक्त रकम परिचालनको प्रतिवेदन मासीक रुपमा गाउँपालिकामा पेश गर्नुपर्ने छ।

## परिच्छेद-४

## विविध

**६. यस कार्यक्रमको लागी बिनियोजित रकम गाउँपालिकामै रहने छ ।**

७. **अनुगमन:** यस कार्यबिधि बमोजिम भएका सम्पूर्ण क्रियाकलापको अनुगमन गाउँपालिकाबाटै हुनेछ ।

८. **संशोधन र बचाउ:** यस कार्यबिधिको कुनै ब्यबस्थामा संशोधन गर्नु परेमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्ने छ। नेपालको अन्य कुनै प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसूची-१

### दफा ५ को (च) सँग सम्बन्धित

भरपाईको ढाँचा जिल्ला गुल्मी ............ गाउँपालिका बडा नं ............. बस्नेको श्रीमतीले प्रसुतिको लागी ............... स्वास्थ्य संस्था सम्म आउन जान गाउँपालिकावाट प्राप्त यातायात खर्च वापतको रु............. अक्षरुपी .................................................. रुपियाँ बुझिलिई यो भरपाई गरी दिना मिति २०७.................. गते मा शुभम्।

प्रमाणिकरण मितिः २०७६/०९/०९

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत